# मिलन धर्मस्थली स्कुल

कक्षा : ८

विषय : नेपाली

एकाइ : एक

पाठशीर्षक : नेपाल (कविता)

पाठ्याश : पूरा कविता

१) उदेश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरु निम्न कार्य गर्न सक्षम हुनेछन् ।

क) कविताको भाव बताउन,

२) शैक्षिक सामाग्री : किताब

३) व्याख्या :

नेपाल शीर्षक कविता कवि सिद्धिचरण श्रेष्ठ (वि.सं १९६९ वि.सं २० ४९) द्दारा रचित कविता हो । स्वच्छन्दतावाद र प्रगतिवादी धाराका अग्रणी कवि नेपाली साहित्यका युगकवि सिद्धिचरण श्रेष्ठले नेपाल शीर्षक कवितामा देशप्रेम, प्रकृतिप्रेम र स्वतन्त्रता प्रेमलाई प्रस्तुत गरिएको छ ।

नेपाल प्राकृतिक सुन्दरताले भरिपूर्ण मुलुक भएकाले कविलाई प्यारो र पवित्र लागेको छ । कविले नेपाललाई सुन्दर र पवित्र लागेको छ । कविले नेपाललाई सुन्दर र पवित्र पार्नका लागि सबै नेपाली एकजुट भइ अघि बढ्नुका साथै देशलाई सुन्दर पार्ने अनेकौ प्राकृतिक वस्तुहरुको सुन्दर वर्णन गरेका छन् । यहां प्राकृतिक सौन्दर्यको धारा बगेको देख्न सकिन्छ । जसरी सड.गीतबद्ध र लयबद्ध भएर बगेको पाइन्छ । यति सुन्दर पवित्र र शान्त भूमिको रक्षाका लागि वीर पुर्खाहरुको योगदान अतुलनिय रहेको छ । वास्तवमा हाम्रो देशको निमार्णमा हाम्रा पुर्खाहरुले रगत र पसिना बगाएका छन् । उनीहरुले देखाएको वीरता आज हाम्रा नसा नसामा बगिरहेको छ । कविले यस कवितामा देशको प्राकृतिक सौन्दर्य पुर्खाहरुको साहस, त्याग र बलिदानको गाथा प्रस्तुत गरिएको छ ।

४) मूल्याड.कन :

क) नेपाल शीर्षक कविताको पहिलो श्लोकको भाव बताऊ ।